नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फ़ोन नं. : २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

पत्र संख्याः- ०७५/०७६
चलानी नं.-

रामशाहपथ
काठमाण्डौ, नेपाल

मिति : २०७५।११।१५

**विषयः विज्ञप्ती**

संघीयता कार्यान्वयनका सन्दर्भमा संघमा कार्यरत सबै सेवा समूह र श्रेणी तहका कर्मचारीहरुको संघ, प्रदेश र स्थानीय तहमा समायोजन गर्ने कार्य भइरहेको सबैमा सर्वविदितै छ। यसैबीच समायोजन ऐन,२०७५ कार्यान्वयनका विषयलाई लिएर सरकारी चिकित्सक संघले उठाएका विषयको सन्दर्भमा सरकारी स्तरबाट सकारात्मक पहल हुँदाहुँदै पनि सो संघको आह्वानमा चिकित्सकहरुले गर्दै आएका विरोधका कार्यक्रम प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। संघले उठाएका मागका सम्बन्धमा मन्त्रालयबाट सकारात्मक पहल हुँदाहुँदै पनि स्वास्थ्य सेवा नै अवरुद्ध हुने गरी गरिने विरोधका कार्यक्रमहरु नागरिकको स्वास्थ्य सेवा पाउने हकको विरुद्ध हुने हुँदा स्वास्थ्य सेवा जस्तो संवेदनशील मानवीय जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा चिकित्सकहरुबाट भएका सम्पूर्ण विरोधका कार्यक्रमहरु स्थगन गर्न मन्त्रालय हार्दिक अपिल गर्दछ। अन्यथा यसबाट हुनसक्ने प्रतिकुल असरको जवाफदेही स्वयं चिकित्सकहरु नै हुनुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ।

२०७५।११।१५

(जनार्दन गुरागाईं)
सह-सचिव